नेपाल सरकार

# एकलिंगिय तिलापिया/पंगासीयस ह्याचरी निर्माण एवं ब्यबस्थापन कार्यक्रम कार्यवन्यन कार्यविधि, २०७२

---

नेपाल सरकार (सचिवस्तर) मिति २०७२/५/१२को निर्णय अनुसार स्वीकृत

**कृषि विकास मन्त्रालय**

**२०७२ भाद्र**

सचिव

### एकलिंगिय तिलापिया/पंगासीयस ह्याचरी निर्माण एवं ब्यबस्थापन कार्यक्रम कार्यवन्यन कार्यविधि २०७२

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

## पृष्ठभूमी

विगत केही वर्ष देखी मत्स्य पालन व्यवसाय क्रमश सघनीकरण हुदै गएको पाइएको छ । यस कार्यक्रमवाट उत्पादन एवं उत्पादकत्वमा थप अभिवृद्धि गर्न मत्स्य कृषकहरुले कार्प जातका माछा भुराको अतिरिक्त पंगासियस र तिलापिया जातको भुराहरु स्टक गरि थप उत्पादन लिने कार्य गरिरहेका छन् । देश भित्र पंगासीयस माछाको भुरा उत्पादन गर्ने श्रोत केन्द्र (मत्स्य ह्याचरी) नहुदा अत्याधिक मात्रामा यस जातको भुरा भारतबाट आयात भईरहेको पाइएको छ भने कृषकहरुबाट एक लिंगिय टिलापियाको मांग अधिक आउने गरेको छ । मागमा आधारित यस कार्यक्रमलाई निरन्तर टेवा पुर्याई भुरामा देशलाई आत्म निर्भर गराउने लक्ष्य सहित एक लिंगिय तीलापिया तथा पंगासीयस ह्याचरी निर्माण गर्न यो कार्यक्रम संचालन गरिनेछ ।

## परिच्छेद १

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(क) यो कार्यविधिको नाम "एकलिंगिय तिलापिया/पंगासीयस ह्याचरी निर्माण एवं ब्यबस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७२" हुने छ ।

(ख) यो कार्यविधि स्वीकृत भएको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यक्रम" भन्नाले एकलिंगिय तिलापिया तथा पंगासीयस ह्याचरी निर्माण एवं ब्यबस्थापन कार्यक्रम बुझ्नुपर्दछ ।

(ख) "कार्यालय" भन्नाले जिल्ला कृषि विकास कार्यालयलाई बुझ्नु पर्दछ ।

(ग) "निर्देशनालय" भन्नाले मत्स्य विकास निर्देशनालय बुझ्नु पर्दछ ।

(घ) "कार्यक्रम कार्यान्वयन केन्द्रीय समिति" भन्नाले यस कार्यविधिको परिच्छेद ३ को बुँदा नं. १ द्वारा गठित समितिलाई बुझाउँदछ ।

(ग) "मत्स्य ह्याचरी" भन्नाले अण्डाबाट बच्चा कोरल्ने सुविधा सहितको मत्स्य बिज उत्पादन गर्ने थलो जनाउँदछ।

३. <u>कार्यक्रम संचालनको लक्ष्य एवं उद्देश्यः</u>

**(क)** लक्ष्यः

- मत्स्य पालनमा जातिय विविधिकरण गरी विभिन्न किशिमका माछाको उत्पादन गर्ने तथा उत्पादकत्व बढाउने,
- मत्स्य बीजमा क्रमश अत्मनिर्भर हुंदै जाने ।

**(ख)** उद्देश्यः

अत्याधिक मांगमा रहेका तर देश भित्र पर्याप्त उत्पादन हुन नसकेका माछाको भुरा स्वदेशमै उत्पादन गर्न कृषकहरुलाई बढावा दिने ।



सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

## परिच्छेद २

## कार्यक्रम संचालन सम्बन्धी

**४. प्रस्तुत कार्यक्रम संचालन सम्बन्धमा देहाय बमोजिमका प्रकृया रहनेछन्**

(क) यस कार्यक्रम अन्तरगत एकलिंगिय तिलापिया/पंगासीयस ह्याचरी निर्माणमा सहयोग गरी मत्स्य बीच आपूर्ति ब्यबस्थापन गरिने छ ।

(ख) यो कार्यक्रम मत्स्य उत्पादन विशेष कार्यक्रम सन्चालन भएको जिल्लाहरुमा सन्चालन गरिनेछ र सम्बन्धित जिल्ला र मत्स्य विकास केन्द्रहरू निम्नानुसार हुनेछन्।

| जिल्लाको नाम | सम्बन्धित मत्स्य विकास केन्द्र |
|---|---|
| झापा, मोरङ, सुनसरी, सप्तरी | मत्स्य विकास केन्द्र फत्तेपुर |
| सिराहा | मत्स्य विकास केन्द्र लाहान |
| धनुषा, महोत्तरी, सर्लाही | मत्स्य विकास तथा तालिम केन्द्र जनकपुर |
| बारा, पर्सा, रौतहट | मत्स्य विकास केन्द्र हेटौंडा |
| चितवन | मत्स्य विकास केन्द्र भण्डारा |
| नवलपरासी, रुपन्देही, कपिलबस्तु | मत्स्य विकास केन्द्र भैरहवा |
| दाङ, बाँके, बर्दिया | मत्स्य विकास केन्द्र महादेवपुरी |
| कैलाली, कन्चनपुर | मत्स्य विकास केन्द्र गेटा, कैलाली |

(ग) यस कार्यक्रमको लक्ष्य एवं वजेट मत्स्य विकास निर्देशनालयमा रहने छ ।

(घ) कार्यक्रमलाई संचालन गर्न सम्वन्धित क्षेत्रका मत्स्य विकास केन्द्रहरुले समन्वय तथा प्राविधिक सहयोगीको भुमिका खेल्नेछन ।

(ङ) यो कार्यक्रम संचालनको लागि मत्स्य विकास निर्देशनालयबाट राष्ट्रिय दैनिक पत्रिकामा अनुसूची १ बमोजिमको सूचना आह्वान हुनेछ ।

(च) कार्यक्रम संचालन गर्नको लागि छनौट भएका जिल्लाका कृषकहरुले सम्वन्धित जिल्ला कृषि विकास कार्यालयमा तोकिएको समय भित्र सूचनामा उल्लेख भए बमोजिम अनुसूची २ को ढाँचा बमोजिममा आबश्यक कागजात सहित निबेदन पेश गर्नु पर्नेछ ।

(छ) मत्स्य उत्पादन विशेष कार्यक्रम अन्तरगतका जिल्लाका विभिन्न सम्भाव्य क्षेत्रहरु मध्ये क्लस्टर/पकेटमा क्षेत्र विस्तार हुने स्थानलाई प्राथमिकता दिईनेछ ।

(ज) जिल्ला कृषि विकास कार्यालयले संकलित निबेदनहरु रितपुर्वक भए नभएको एकिन गरि रितपुर्वक पेश भएका निवेदनहरु सम्वन्धित मत्स्य विकास केन्द्रमा पठाउनु पर्नेछ ।



सचिव

(झ) मत्स्य विकास केन्द्रले जिल्ला कृषि विकास कार्यालयको समन्वयमा स्थलगत अध्ययन गरि [illegible] निवेदनहरुको सूची तयारगरी तोकिएको समयभित्र मत्स्य विकास निर्देशनालयमा पठाउनु पर्नेछ।

(ञ) मत्स्य विकास निर्देशनालयले मत्स्य विकास केन्द्रहरुबाट प्राप्त निबेदन सहितको अनुसूची ५ बमोजिम मूल्यांकनको आधारमा छनोट गरी कार्यक्रम कार्यान्वयन केन्द्रिय समितिद्धारा अनुमोदन गराई छनोट भएकाहरुको नामावली सम्बन्धित मत्स्य विकास केन्द्रहरुमा सम्झौताकोलागि पठाउनु पर्नेछ ।

(त) यस कार्यक्रम अन्तर्गत निर्माण भएको प्रति ह्याचरीबाट प्रति बर्ष कम्तीमा १० लाख तोकिएको जातको मत्स्य बीज (फ्राई) उत्पादन तथा वितरण हुने गरी संरचनाको निर्माण हुनु पर्नेछ ।

(थ) यस कार्यक्रम अन्तर्गत प्रति ह्याचरी निर्माण एवं ब्यबस्थापनको लागि लाग्ने अनुमानित खर्च मध्ये बढीमा रु. १०,००,००।– (अक्षरेपी दश लाख मात्र) अनुदान उपलब्ध गराईनेछ ।तर अनुदान रकम लागत खर्चको ५० प्रतिशत भन्दा बढी हुने छैन।

(द) मत्स्य विकास निर्देशनालय र सम्बन्धित मत्स्य विकास केन्द्रको संयुक्त निर्माण प्राविधिक/मत्स्य प्राविधिक टोलीले स्थलगत अनुगमन गरी डिजाइन तथा लागत इष्टीमेट तयार गरी सम्वन्धित व्यवसायीलाई कार्य आदेश दिनेछ ।

(ध) कार्य सम्पन्न भए पश्चात सम्बन्धित कृषक/समुह/सहकारीले आबश्यक कागजात सहित भुक्तानीको लागि कृषक/समुह/सहकारी स्वयम्को नाँउमा रहेको बैंक खाता विवरण सहित सम्बन्धित मत्स्य विकास केन्द्र मार्फत मत्स्य विकास निर्देशनालयमा पठाउनु पर्नेछ । मत्स्य विकास निर्देशनालयले सम्बन्धित व्यवसायीको बैंक खातामा रकम भुक्तानी दिनेछ ।

(न) यो कार्यक्रम सन्चालनका लागि अनुदान प्राप्त गर्ने ब्यबसायीहरुले अनिवार्य रुपमा मत्स्य बीमा गर्नु पर्नेछ ।

(प) यस कार्यक्रमवाट लाभान्वित हुने व्यवसायीहरुले कम्तीमा ५ बर्षसम्म प्रस्ताव बमोजिमको ब्यबसाय निरन्तर रुपमा सन्चालन गर्नु पर्नेछ । सो नगरेमा नेपाल सरकारको लगानी फिर्ता गर्नु पर्नेछ ।

(फ) यो कार्यक्रम प्राप्त गर्ने ब्यबसायीले ह्याचरीको विवरण सहितको होर्डिङ बोर्ड बनाई सार्वजनिक गरीराख्नु पर्नेछ ।

## परिच्छेद ३

## कार्यक्रम समन्वय, कार्यान्वयन तथा अनुगमन व्यवस्था

**५. कार्यक्रम कार्यान्वयन केन्द्रीय समितिः** यस कार्यक्रम कार्यवन्यनकालागि संलग्न निकायहरुलाई आवश्यक सहजीकरण एवं समन्वयको व्यवस्था गर्न केन्दिस्तरमा तपसिल बमोजिमको समिति रहने छ ।

**तपसिल**

| | |
|---|---|
| १) कार्यक्रम निर्देशक, मत्स्य विकास निर्देशनालय | संयोजक |
| २) प्रमुख वा आधिकारिक प्रतिनिधि राष्ट्रिय प्राकतिक तथा कृत्रिम जलाशय मत्स्य विकास कार्यक्रम | सदस्य |
| ३) प्रमुख वा आधिकारिक प्रतिनिधि, कषि विभाग, योजना शाखा | सदस्य |
| ४) प्रमुख वा आधिकारिक प्रतिनिधि कषि विभाग, अनुगमन तथा मूल्यांकन शाखा | सदस्य |
| ५) प्रमुंख वा आधिकारिक प्रतिनिधि मत्स्य अनुसन्धान महाशाखा | सदस्य |
| ६) आधिकारिक प्रतिनिधि, कृषि बिकास बैंक | सदस्य |
| ७) ब.म.बि.अ./म.बि.अ.,मत्स्य विकास निर्देशनालय | सदस्य सचिव |



सचिव

**५. कार्यक्रम अनुगमन तथा मुल्यांकन व्यवस्थाः** यस कार्यक्रमको अनुगमन तथा मूल्यांकन देहाय बमोजिम हुनेछ।

(क) कार्यक्रमको अनुगमन तथा मूल्यांकन सम्वन्धित जिल्ला कृषि विकास कार्यालय तथा मत्स्य विकास केन्द्र, क्षेत्रिय कृषि निर्देशनालय, मत्स्य विकास निर्देशनालय/कार्यक्रम कार्यान्वयन केन्द्रिय समिति, कृषि विभाग र कृषि बिकास मन्त्रालयवाट हुनेछ ।

(ख) मत्स्य विकास निर्देशनालयले आवश्यकता अनुसार अनुगमन तथा मूल्यांकन सम्वधी ढाँचा तयार गर्नेछ । सो ढाँचा बमोजिमको प्रतिवेदन निर्धारित समय भित्र मत्स्य विकास निर्देशनालयमा उपलव्ध गराउनु सम्वन्धित मत्स्य विकास केन्द्रको कर्तव्य हुनेछ ।

(ग) कार्यक्रममा संलग्न सहभागीहरुले समेत सम्वन्धित जिल्ला कृषि विकास कार्यालय, मत्स्य विकास केन्द्रहरुलाई तोकिएको फर्मेट वमोजिम निर्धारित समय भित्र प्रगती प्रतिवेदन पेश गर्नु पर्नेछ । सम्झौता गरि कार्यक्रम संचालन नगर्ने कृषकहरुलाई आगामी वर्षको कार्यक्रममा सहभागी गराइने छैन ।

## परिच्छेद ४

## विविध

**७. प्रचलित कानुन लागु हुनेः** प्रचलित कानुनमा व्यवस्था भएका बिषयहरुका सम्वन्धमा सोहि बमोजिम र अन्य व्यवस्थाका सम्वन्धमा यसै कार्यविधि बमोजिम हुनेछ ।

**८. अन्तिम व्याख्याः** यस कार्यविधिको वुझाईमा द्विविधा भएमा कृषि विकास मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ।

**९. अनुसूचीमा हेरफेर गर्न सक्नेः** यस कार्यविधिमा संलग्न अनुसुचीहरु (आर्थिक विषय बाहेक) मा कृषि विकास मन्त्रालयको सहमतिमा आवश्यकता र सम्भावनाका आधारमा परिमार्जन गर्न सकिनेछ ।

**१०. खारेजी तथा संसोधनः** कृषि विकास मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा विधिपूर्वक संसोधन तथा खारेजी गर्न सक्नेछ ।

## परिच्छेद ५

## आर्थिक पक्ष

मत्स्य विकास निर्देशनालयले कृषक/समुह/सहकारीलाई देहाय बमोजिम अनुदान रकम प्रवाह गर्नेछ ।

| क्र.सं. | विवरण | अनुदान रकम (रु.) | कृषकको दायित्व | भुक्तानी विधि | कैफियत |
|---|---|---|---|---|---|
| १.१ | एकलिंगिय तिलापिया, पंगासीयस ह्याचरी निर्माण एवं व्यबस्थापन अनुदान | बढीमा रु. १०,००,०००।– | अनुदान रकम कुल लागत खर्चको ५०% भन्दा वढी हुनेछैन । | मत्स्य विकास निर्देशनालयले प्राप्त कागजातको आधारमा कृषक/ समुह/ सहकारीको बैंक खातामा रकम पठाउने ब्यबस्था गर्नेछ । | |
| १.२ | अनुगमन एवं प्रशासनिक खर्च | लागतको २.५ प्रतिशत | | प्रशासनिक एवं आवश्यकता र औचित्यताको आधारमा अनुगमन कार्यको लागि सम्बन्धित मत्स्य विकास केन्द्रले ४० प्रतिशत जिल्ला कृषि विकास कार्यालयले २० प्रतिशत र मत्स्य विकास निर्देशनालयले ४० प्रतिशत खर्च गर्न सक्नेछ । | |



सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

अनुसूची – १

**एकलिंगिय तिलापिया/पंगासीयस ह्याचरी निर्माण एवं ब्यबस्थापन कार्यक्रम कार्यवन्यन कार्यविधि, २०७२ सूचनाको ढाँचा**

**सूचना । सूचना ।। सूचना ।।।**

यस निर्देशनालयको आर्थिक बर्ष २०...../.... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार एकलिंगिय तिलापिया/पंगासीयस ह्याचरी निर्माण एवं ब्यबस्थापनबाट ब्यबसायिक मत्स्य पालनका लागि मत्स्य विज आपुर्ती सहज बनाई कृषि विकासको प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक नेपाली नागरीकहरुवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १ (एक) महिना भित्र सम्बन्धित जिल्ला कृषि विकास कार्यालयमा तोकिएको ढाँचा (सम्बन्धित जिल्ला कृषि विकास कार्यालय वा मत्स्य वकास केन्द्रबाट उपलब्ध हुने) अनुसारको आवेदन एवं प्रस्ताव आब्हान गरिन्छ ।

पूनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्धारा सूचित गरिन्छ ।

**तपशिल**

१. रु. १० को टिकट टांसेको अनुसूची २ अनुसारको आवेदन ।

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

३. जग्गाधनी पुर्जा वा ठेक्का भए कम्तीमा ५ सम्म ठेक्का लिएको आधिकारिक करार पत्र ।

४. अनुसूची ४ अनुसारको घटीमा ५ बर्षसम्म प्रस्तावित ब्यबसाय सन्चलन गर्ने प्रतिबद्धता पत्र ।

५. निबेदकको तालिम तथा शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।

६. अनुसूची ३ बमोजिमको कार्ययोजना (प्रस्ताव) ।

७. संघ/संस्था भए सम्बन्धित निकायबाट दर्ता प्रमाण पत्र र नविकरणको प्रमाणित प्रतिलिपी ।

६/१२

**सचिव**

अनुसूची – २

## एकलिंगिय तिलापिया/पंगासीयस ह्याचरी निर्माण एवं ब्यबस्थापन कार्यक्रमकालागि अनुदान सहयोग प्राप्त गर्ने दिईने

आवेदन–पत्र

नेपाल सरकार
विकास मन्त्रालय
सिंहदरवार

**श्रीमान् कार्यक्रम निर्देशकज्यु**

**मत्स्य विकास निर्देशनालय, बालजु, काठमाडौं ।**

मार्फत

**श्रीमान् प्रमुखज्यु**

**जिल्ला कृषि विकास कार्यालय ...................**

**विषयः अनुदान सहयोग उपलब्ध गराई दिने बारे ।**

मलाई एकलिंगिय तिलापिया/पंगासीयस ह्याचरी निर्माण एवं ब्यबस्थापन गरी ब्यबसायीक मत्स्य पालनकालागि मत्स्य विज उत्पादन तथा वितरण गर्ने इच्छा भएकोले निम्नानुसार कागजात राखि नियमानुसारको अनुदान सहयोग उपलब्ध गराई पाउन निबेदन गर्दछु । मेरो आबेदन तथा प्रस्ताव स्वीकृत भएमा सम्बन्धित जिल्ला भित्रै रही संलग्न प्रेषित प्रस्ताव तथा प्रतिबद्धता अनुरुपको कार्य गर्नेछु ।

**तपसिल**

१. रु. १० को टिकट टांसेको आवेदन ।

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

३. जग्गाधनी पुर्जा वा ठेक्का भए कम्तीमा ५ सम्म ठेक्का लिएको आधिकारिक करार पत्र ।

४. घटीमा ५ बर्षसम्म प्रस्तावित ब्यबसाय सन्चलन गर्ने प्रतिबद्धता पत्र ।

५. तालिम तथा शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।

६. कार्ययोजना (प्रस्ताव) ।

७. संघ/संस्था भए सम्बन्धित निकायबाट दर्ता प्रमाण पत्र र नविकरणको प्रमाणित प्रतिलिपी ।

**निबेदन पेश गर्नेको नाम, थरः**

**समुह/संघ/संस्था भए नामः**

ठेगानाः

दस्तखतः

मितिः २०७ ... । ......।......

संस्थाको छाप



सचिव

अनुसूची – ३

## एकलिंगिय तिलापिया/पंगासीयस ह्याचरी निर्माण एवं ब्यबस्थापन कार्यक्रमका लागि पेश गर्ने कार्य योजना (प्रस्ताव) को संक्षिप्त ढांचा

नेपाल सरकार ... विकास मन्त्रालय सिंहदरबार

१. कृषक/समुह/सहकारी/कम्पनीको नाम

२. ठेगाना ३. लिंग

४. शैक्षिक योग्यता ५. परियोजना स्थलको ठेगाना

६. परियोजनाको क्षेत्रफल

७. ह्यचारी ब्यबस्थापन सम्बन्धी तालिम लिएको भए

(क) तालिमको बर्ष .................. (ख) अबधि ................ (ग) प्रदान गर्ने संस्था .......................

८. हाल मत्स्य ह्याचरी भए नभएको (√)चिन्ह लगाउने भएको ☐ नभएको ☐

भएको भए स्थापना बर्ष ............. किसिम ........................................................................

(क) ह्यच्लिङ उत्पादन तथा बितरण विवरण (विगतका ५ बर्षहरूको आ.व. खुल्नेगरी)

| माछाको जात | १ .............. | २ ................ | ३ ............ | ४ .............. | ५ .................... |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

९. प्रस्तावित ह्याचरीको किशिम(√)चिन्ह लगाउने एकलिंगिय तिलापिया ह्याचरी ☐ पंगासीयस ह्याचरी ☐

१० संलग्न हुने जनशक्तिको विवरण

| विवरण | संख्या | योग्यता | खर्च हुने रकम (रू.) |
|---|---|---|---|
| सुरक्षा | | | |
| फार्म व्यबस्थापन | | | |
| ब्रिडिङ एवं रेखदेख प्राविधिक | | | |

सचिव

११. उत्पादन अनुमान (५ बर्षको)

| माछाको जात | पहिलो बर्ष | दाश्रो बर्ष | तेश्रो बर्ष | चौथो बर्ष | पाँचौं बर्ष |
|---|---|---|---|---|---|
| एकलिंगिय तिलापिया | | | | | |
| पंगासीयस | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

१२. विशेष अनुभव

| विवरण | एकलिंगिय तिलापिया | | पंगासीयस | | कार्प जाती | |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | देखि | सम्म | देखि | सम्म |
| ब्रिडिङ सम्बन्धि | | | | | | |
| पालन सम्बन्धि | | | | | | |

१३. नयाँ सेच केही भए उल्लेख गर्नुहोस

<u>प्रस्तावकको</u>

नाम, थर

ठेगाना

दस्तखतः

संस्थाको छापः (संस्थाको हकमा)

मितिः



सचिव

## अनुसूची – ४

### प्रतिबद्धता पत्र

मत्स्य विकास निर्देशनालयको मिति २०७..../....../...... को सूचना अनुसार देहायको ह्याचरी निर्माण एवं ब्यबस्थापन गरी मत्स्य विज उत्पादन तथा वितरण गर्न ईच्छुक भई सो कार्यक्रममा सहभागिताको लागि कार्ययोजना सहितको आवेदन पेश गरेको छु/छौं । उक्त कार्यक्रममा छनोट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरी घटीमा ५ (पाँच) बर्ष सम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अनुसारको कार्य नगरेमा वा ५ (पाँच) बर्ष भन्दा अगावै सो कार्यहरू बन्द गरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता ब्यक्त गर्दछु/छौं अन्यथा ऐन कानुन बमोजिम सहुंला बुझाउंला र प्रस्तावित कार्यहरूकालागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको र सन्चालित कृयाकलापबाट बाताबरणलाई असर नपुर्याउने प्रतिबद्धता समेत ब्यक्त गर्दछु/छौं।

मत्स्य ह्याचरीको किशिम(√)चिन्ह लगाउने एकलिंगिय तिलापिया ह्याचरी ☐ पंगासीयस ह्याचरी ☐

इतिसम्बत २०७...../......../.......गते रोज ...... शुभम ।

नाम, थरः

संस्था भए संस्थाको नामः

वतनः

दस्तखतः

मितिः

संस्थाको छापः

| दांया | बांया |
|---|---|
| | |



सचिव

## अनुसूची ५

### टिलापिया/पांगासियस ह्याचरी निर्माण अनुदान निर्माणका लागि मूल्यांकन विधि

| मूल्यांकन आधार | अधिकतम अंक | प्राप्तांक |
|---|---|---|
| **१. मत्स्य ह्याचरी स्थापना गरी मत्स्य विज उत्पादन गरेको**<br>– ५ बर्ष वा सो भन्दा माथी २० र सो भन्दा कम समानुपातिक अंक | २० | |
| **२. मत्स्य ह्याचरीबाट बार्षिक ह्याच्लीङ उत्पादन तथा वितरण गरेको**<br>– प्राप्त प्रस्ताव मध्ये अधिकतमलाई २० र सो बांकी समानुपातिक अंक | २० | |
| **३. जिल्लामा टिलापिया/पांगासियस माछा पालन भईरहेको** (जिल्ला कृषि वकास कार्यालयको तथ्यांक अनुसार) | २० | |
| **४. अधिकत्तम उत्पादन/वितरण प्रस्ताव**<br>– प्राप्त प्रस्ताव मध्ये अधिकतमलाई २० र सो बांकी समानुपातिक अंक | १० | |
| **६. ह्याचरी तालिम प्राप्त** | १० | |
| – १ हप्ते वा सो भन्दा माथी तालिमको लागि | १० | |
| **७. कृषि सेवा सम्बन्धी शैक्षिक योग्यता सहितको प्रस्तावित जनशक्ति** | १० | |
| – स्नातक वा सो भन्दा माथी | १० | |
| – प्रमाण पत्र तह/टि एस एल सी | ५ | |
| **८. विशेष अनुभव** | १० | |
| – टिलापिया/पांगासियस ह्याचरीमा ब्रिडिङ सम्बन्धी काम गरेको | ५ | |
| – टिलापिया/पांगासियस पालन सम्बन्धी ३ बर्षसम्मको अनुभवलाई | ५ | |



**सचिव**

## अनुसूची – ६

### एकलिंगिय तिलापिया/पंगासीयस ह्याचरी निर्माण एवं ब्यबस्थापन कार्यक्रम सञ्चालनका लागि गरिने सम्झौता–पत्र

मत्स्य विकास निर्देशनालय (यसपछि पहिलो पक्ष भनिने) को आर्थिक बर्ष ............को बार्षिक स्वीकृत कार्यक्रम अनुरुप मत्स्य विकास / तालिम केन्द्र ........................(यस पछाडी दोस्रो पक्ष भनिने) मार्फत सम्बन्धित जिल्ला कृषि विकास कार्यालयको रोहवरमा (यस पछाडी तेस्रो पक्ष भनिने) उल्लेखित ह्याचरी निर्माण एवं ब्यबस्थापन कार्यक्रमको श्री / समुह / संघ / संस्था ........................................................ (यसपछि चौथो पक्ष भनिने)ले कार्य सन्चालन गर्ने गरी पहिलो पक्षबाट स्वीकृत गरी अनुमति दिईएकोले देहाय बमोजिमको शर्तनामाहरु गरी गराई कार्य सम्पन्न गर्न सहमती भई सम्बन्धित जिल्ला कृषि विकास कार्यालयको दोस्रो पक्ष र चौथो पक्ष विच यो सम्झौता भएको छ ।

मत्स्य ह्याचरीको किशिम(√)चिन्ह लगाउने एकलिंगिय तिलापिया ह्याचरी ☐ पंगासीयस ह्याचरी ☐

(१) चौथो पक्षले दोस्रो र तेश्रो पक्षबाट आबश्यक प्राविधिक सल्लाहा एवं सुझाव प्राप्त गरी प्रस्ताव अनुसारको काम सम्पन्न गर्नेछ।

(२) चौथो पक्षले सम्पन्न गरिएको कामको मूल्यांकन दोस्रो पक्षबाट निर्देशित मत्स्य प्राविधिकबाट कार्य सम्पन्न प्रतिबेदन बनाई दोस्रो पक्षबाट सिफारिस सहित भुक्तानीको लागि पहिलो पक्षमा पठाउनु पर्नेछ ।

(३) पहिलो पक्षले प्राप्त कागजातको आधारमा चौथो पक्षको बैंक खातामा चेकबाट अनुदान रकम उपलब्ध गराउनेछ ।

(४) दोस्रो र तेश्रो पक्षले प्रस्ताव बमोजिमको नियमित ब्यबसाय सन्चालन गरे नगरेको अनुगमन गर्नेछ ।

(५) यस सम्झौतामा उल्लेखित कार्य गर्दा परिआउन सक्ने कुनैपनि प्राकृतिक प्रकोप र भवितब्यको पूर्ण जिम्मेवारी चौथो पक्ष स्वयं आफैं हुनेछ ।

(६) चौथो पक्षले ब्यबसायको बीमा गरेको हुनु पर्नेछ ।

(७) यस सम्झौतामा उल्लेख भएको भन्दा अन्य ब्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

| दोस्रो पक्षको तर्फबाट | चौथो पक्षको तर्फबाट |
|---|---|
| नाम, थर | नाम, थरः |
| कार्यालयको नामः | समुह/संघ/संस्थाको नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| सम्पर्क फोनः | मितिः |
| कार्यालयको छापः | सम्पर्क फोनः |
| रोहवर तेस्रो पक्षको तर्फबाट | रोहवर (नाम,थर,दस्तखत) |
| नाम, थरः | |
| कार्यालयको नामः | |
| पदः | |
| दस्तखतः | |

औंठाको छाप

समुह/संघ/संस्थाको छाप



सचिव